# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, असार ८ गते २०६२ साल (अतिरिक्ताङ्क २० (ख)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट कतारको राजधानी दोहामा आयोजित विकासशील राष्ट्रहरूको दोस्रो शिखर सम्मेलन र संयुक्त अरब इमिरेट्सको मैत्रीपूर्ण भ्रमण पूरा गरिबक्सी २०६२ साल असार ८ गते, बुधवार स्वदेश फिरिबक्सँदा देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

कतारको राजधानी दोहामा आयोजित विकासशील राष्ट्रहरूको दोस्रो शिखर सम्मेलनमा सहभागी भई संयुक्त अरब इमिरेट्सको समेत भ्रमण पूरा गरेर आज स्वदेश फर्किंदा हामीलाई खुशी लागेको छ।

कतारका अमिर शेख हमाद बिन खलिफा अल-थानीको निमन्त्रणामा विकासशील राष्ट्रहरूको दोस्रो शिखर सम्मेलनमा सहभागी हुने क्रममा हामीबाट भएको दोहाको भ्रमण सफल भएको कुरामा हामी विश्वस्त छौं। सम्मेलनमा हामीले विकासशील राष्ट्रहरूले भोग्दै आएका चुनौती एवं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समस्याहरूलाई समाधान गर्नुपर्नेमा जोड दिदैं नेपालको धारणा, दृष्टिकोण र प्रतिबद्धतालाई एकपटक फेरि दृढताका साथ अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गरेका छौं । सम्मेलनमा नेपाल जस्तो अल्पविकसित र भूपरिवेष्ठित राष्ट्रहरूका समस्याबारे भएका छलफल तथा दोहा घोषणापत्रमा समाविष्ट प्रतिबद्धताहरूको कार्यान्वयनबाट हाम्रो जस्तो देशले लाभ प्राप्त गर्ने कुरामा पनि हामी विश्वस्त छौं ।

सम्मेलनकै क्रममा विभिन्न राष्ट्रका राष्ट्रप्रमुख एवं सरकार प्रमुखहरूसँग भएका भेटवार्ताबाट ती देशहरूसँगको हाम्रो मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ बन्न पुगेको छ । कतारका अमिरसँगको वार्ताबाट दुई राष्ट्रबीचको मित्रतामा नयाँ आयाम थपिनुका साथै दुई देशबीचको आर्थिक एवं व्यापारिक सम्बन्धमा समेत नयाँ गति आउने हामीले विश्वास गरेका छौं ।

संयुक्त अरब इमिरेट्सको भ्रमणबाट हाम्रा दुई देशबीच विद्यमान हार्दिक एवं मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ बनाएको छ । राष्ट्रपति शेख खलिफा बिन जायेद अल नाहयानसँग भएको विचारको आदानप्रदानबाट यो सम्बन्धलाई अझ बिस्तार गर्न मद्दत पुग्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राजप्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई धन्यवाद दिन्छौं ।

अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको बृहत्तर हितलाई हृदयंगम गरी अनुशासित भई पुऱ्याएको सहयोगका लागि पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ४।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०